# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## ५ असार २०७७

## शुक्रबार

## (बैठक सङ्ख्या–२८)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा शुक्रबार बिहान ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सोको व्यहोरा पढेर सुनाउँछु ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा २७४ को उपधारा (९) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा २७४ को उपधारा (१०) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति एक थान यसैसाथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

| क्रम सङ्ख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक । | २०७७/०३/०४ |

(डा. हरि पौडेल)

सचिव

मानननीय सदस्यहरू, अब म माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफे**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिनु चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय ठगेन्द्र प्रकाश पुरी ।

**माननीय श्री ठगेन्द्र प्रकाश पुरी (नेपाल कम्युनिष्ट पार्टी नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक सम्मानित प्रतिनिधि सभाबाट सन्देश सहित हाम्रो यस

सम्मानित सदनमा प्राप्त भएको छ । सम्माननीय अध्यक्षज्यू, हामीसँग संवैधानिक परिषद् काम, कर्तव्य र अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ हाम्रो मुलुकमा अहिले प्रचलनमा रही आएका छन् । अध्यक्ष महोदय, यी कानूनका सम्बन्धमा यी कानूनका खासगरि यो राजनीतिक दल सम्बन्धीको दल त्याग गरेको नमानिने विषय र यो संवैधानिक परिषद् काम, कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी ऐनको बैठकको गणपूरक सङ्ख्या र निर्णय प्रक्रिया सम्बन्धी नेपाल सरकारबाट अध्यादेशद्वारा यस विषयमा केही संशोधन गर्न खोजिएको थियो । र त्यो संशोधन गर्न अध्यादेश जारी भएको केही समय पछाडि पुनः यी दुवै नेपाल सरकारद्वारा जारी गरिएका अध्यादेशहरू फिर्ता गरिएका थिए र त्यो जारी गरिएको र फिर्ता गरिएको बीचको समयावधिमा त्यो कानूनको मूल्य मान्यतालाई जगाई राख्नका लागि पुनः नेपाल सरकारले यस सम्बन्धी आवश्यक कानूनी प्रक्रिया अघि बढाउनु पर्ने आवश्यकता रहेको थियो र त्यही परिस्थितिलाई मध्येनजर गरेर अहिले नेपाल सरकारले हाम्रो यस सम्मानित सदनमा यो केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ल्याएको स्थिति छ । सम्माननीय अध्यक्षज्यू, अब यो विधेयकको माध्यमबाट यो बीचमा भए गरेका कुराहरू सबै सल्टिएर संवैधानिक परिषद् काम, कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ मा पूर्ववत् जे व्यवस्था छ त्यहीँ व्यवस्था कायम हुने स्थिति रहने र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा पनि जुन पूर्ववत् व्यवस्था छ त्यहीँ व्यवस्था कायम हुने र जसले गर्दाखेरि यो कानूनको निरन्तरता कायम रहने कानूनी मूल्य मान्यताको स्थान उच्च रहने स्थिति रहन्छ । यस कामलाई यो विधेयकले पूरा गर्ने भएको हुनाले म यस विधेयकको सम्मान गर्दै, समर्थन गर्दै आफ्नो भनाइलाई टुङ्ग्याउन चाहन्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अब यो केही अध्यादेश खारेज गरी नेपाल ऐन साविकको व्यवस्था जगाउनको लागि भनेर हामी कहाँ अध्यादेश आइपुग्यो प्रतिस्थापन गर्ने विधेयकको रूपमा । अब के छ भने पहिला-पहिला राजा माहाराजाहरूले दशैंको बेला पारेर, लामोलामो बिदाहरू पारेर एउटा-एउटा कुरा घोषणा गर्थे । ठ्याक्कै अब यो लोकतान्त्रिक र गणतान्त्रिक नेपालको लोकतान्त्रिक भनिएको सरकारले पनि संसद नभएको मौका पारेर र त्यसमा मुलुकमा एउटा सङ्कट माहामारी फैलिएको बेलामा यस्तै खालका हत्कण्डाहरू एउटा-एउटा त्यस्ता कुराहरू ल्याउने कुरा यसको पनि त्यतातिर त्यस्तो देखियो । अब संसद छँदै थियो उपसमितिहरू छँदै थियो । अरु थुप्रै कुरा हुँदाहुँदै यत्रो कोरोना माहामारीसित लड्नु पर्ने बेलामा फेरि एउटा दलहरू फुटाउने तरिकाले अनि प्रमुख प्रतिपक्ष

दललाई नै विहीन तरिकाले उसको भूमिकालाई न्यून गर्ने तरिकाले संवैधानिक परिषद्हरूलाई ऐनहरूलाई संशोधन गर्ने गरी अध्यादेशहरू आयो । यो एकदम नराम्रो थियो एकदम यसलाई लोकतान्त्रिक मुलुकमा लोकतान्त्रिक पद्धतिमा यसलाई स्वीकार गर्न सकिने स्थितिहरू थिएन । त्यसका विरोधका बाबजुद त्यसले फेरि धेरै दिन पनि टिकेन । र केही दिनमा नै प्रमाणीकरण भएको हतार-हतार प्रमाणीकरण पनि भयो र हतार-हतार फेरि पनि त्यो खारेज पनि त्यसलाई फिर्ता पनि भयो । तर यस्तो प्रवृत्ति अब यसरी संसद हुँदाहुँदै यस्ता विधेयकहरू अबका दिन नआओस् । संसदले पर्याप्त बिजनेस पाइरहेको अवस्था छैन तर त्यस्ता अब अध्यादेश मार्फत् मुलुक चलाउने कुराहरू आफैमा पनि राम्रो होइन । अब पनि फेरि पनि संसद बन्द हुँदैछ अब कोरोना माहामारीले गर्दाखेरि फेरि पनि अब हिउँदे अधिवेशन सुरु नहुँदा यस्ता खालका अनेक खालका चाहिँ हत्कण्डा मच्चाउने अध्यादेशहरू जारी नहोस् भन्ने कुराहरू भन्न चाहन्छु र सरकारले एउटा निर्णय गरेर राष्ट्रपतिले प्रमाणीकरण गरिसकेपछि फेरि त्यसलाई जस्ताको त्यस्तै बनाउनको लागि हामीलाई यत्रो आपत् विपद् यत्रो समय, यत्रो meeting हरू यत्रो थुप्रै प्रक्रियाहरू अपनाएर फेरि त्यसलाई उस्तै बनाउनको लागि पनि झन् ठुलो झण्झट हुने रहेछ । ल्याउनलाई सजिलो तर त्यसलाई उल्टाउन फेरि अरु थुप्रै प्रक्रिया । खालि प्रधानमन्त्रीज्यूले बोल्दिएर, राष्ट्रपतिज्यूले बोल्दिएर मात्रै पनि फिर्ता नहुने रहेछ नि त । त्यो भएका कारणले गर्दा लोकतान्त्रिक मुलुकहरूमा अध्यादेशबाट देश चलाउने कुरा राम्रो छैन । त्यसलाई न्यून गर्दै जानुपर्छ । र यसलाई चाहिँ पुरानै यथावत् हुने गरी जुन आएको छ त्यहीँ नेपाल ऐन संशोधन अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी विधेयकहरू आएको छ । अब यसले चाहिँ एउटा फेरि पुरानै अवस्थामा फकाउने कोशिस पनि गरेको छ । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफे**ः- सम्माननीय अध्यक्ष महोदय, "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूले आफ्नो भनाइहरू व्यक्त गर्नु भयो, आफ्ना चासोको विषयहरू राख्नु भयो । र यो अध्यादेश

ल्याइरहँदा अध्यादेश कसरी अध्यादेश जारी हुन्छ भन्ने कुरो सर्वविदितै भएको कुरा हो । जुन संवैधानिक व्यवस्था र संविधानमा व्यवस्था गरे बमोजिम नै हामीले यो अध्यादेश ल्याउने त्यस पछाडि अहिलेको सन्दर्भमा हामीले यहाँले व्यक्त गर्नु भएको जस्तै त्यो विषयहरूलाई फेरि अध्यादेश जारी गरिसके पछाडि अध्यादेशबाट त्यो पछाडि फर्केर यहाँले अहिले जे बताउनु भयो त्यसरी नै अहिले फेरि त्यही प्रावधानलाई प्रतिस्थापन गर्न बनेको विधेयक हामीले संसदमा पेश गरेका थियौं । सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्था बाहेक यदि सदन चलिरहेको छ भने हामी प्रक्रियामा नै जान्छौं यहाँ । यो प्रक्रियाको बारेमा यहाँ धेरै बताउनु पर्दैन र अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था भए बमोजिम संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन अध्यादेश, २०७७ तथा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७ नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट वैशाख ८ गते २०७७ मा जारी भएको कुरा यहाँहरूलाई थाहा छ । तर ती जारि भएको अध्यादेश वैशाख १२ गते २०७७ मा नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट खारेज भइसकेको कुरा पनि यहाँहरूलाई म स्मरण गराउन चाहन्छु । यसर्थ त्यसरी खारेज भएका अध्यादेशभन्दा अगाडिको अवस्था अर्थात् यी दुवै ऐनमा २०७७/०१/०८ गतेभन्दा अगाडि कायम रहेको साविकको व्यवस्था यथावत् रूपमा नै राख्न आवश्यक भएकोले त्यस्ता साविकको व्यवस्था मात्र जगाउने अभिप्रायले यो विधेयक यस सदन समक्ष प्रस्तुत गरेको व्यहोरा माननीय सदस्यहरूलाई म जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यसैले संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को पूर्ववत् व्यवस्था नै कायम राख्ने गरी यो अध्यादेश खारेज गरी नेपालको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयक सदन समक्ष पेश भएको हो भन्ने कुरा पनि यहाँहरूलाई जानकारी गराउँन चाहन्छु । तसर्थ यस विधेकयमा नयाँ व्यवस्था नगरि साविककै व्यवस्था नै जगाएको हो भन्ने कुरा पनि यहाँलाई म जानकारी गराउँछु । विगतमा पनि यस्ता अभ्यासहरू भएका थिए । कहिले काहीँ हामी परम्परा विगतका कुरा पनि फर्केर हेर्ने गर्छौं । विगतमा पनि २०६३ सालमा प्रतिनिधि सभाको पुनः स्थापना भए पश्चात सञ्चार लगायत विभिन्न विषयमा नेपाल ऐनको साविकको व्यवस्थालाई जगाउने अभिप्रायले यस्तै प्रकृतिका विधेयक मार्फत् नेपाल ऐनको साविकको व्यवस्था जगाएको उदाहरण पनि यहाँहरूलाई म स्मरण गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, यहाँ माननीय सदस्यहरूले आफ्नो गहन विचारहरू राख्नु भयो र अन्तिममा प्रस्तुत विधेयकमाथि छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूलाई म फेरि धन्यवाद दिँदै आफ्नो भनाइ पनि यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेले पेश गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम, १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नु हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक विधेयक, २०७७ ले आर्थिक वर्ष २०७७/०७८ को राजश्व सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न प्रस्ताव गरेको छ । यसले भन्सार महशुल, भन्सार सेवा दस्तुर, कृषि सुधार शुल्क,

अन्तशुल्क, मूल्य अभिवृद्धि कर, स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत र सुधार दस्तुर, चलचित्र विकास शुल्क, प्रदुषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दुरसञ्चार सेवा दस्तुर र क्यासिनो रोयल्टी लगाउने व्यवस्था सम्बन्धी कुरा समेत उठेको छ । साथै यो विधेयकमा करको दायरा बिस्तार, कर परिपालना अभिवृद्धि, पुराना असुल हुन नसकेका बक्यौता मिनाहा र विभिन्न न्यायिक निकायमा विचारधीन अवस्थामा रहेका मुद्दा फिर्ता लिई कर दाखिल गर्ने लगायतका व्यवस्थाहरू समावेश गरिएको छ । यस विधेयकमा अहिले कोभिडको कारणले अर्थतन्त्रमा परेको र व्यवसायमा परेको समस्याको सन्दर्भमा आयकरका विभिन्न प्रावधानहरूमा छुट दिने व्यवस्था समेत प्रस्ताव गरेको छ । अगामी आर्थिक वर्षको लागि कूल रु १० खर्ब ११ अर्ब ७५ करोड राजश्व सङ्कलन गर्ने लक्ष्य सहित यो विधेयक प्रस्तुत भएको छ । यो लक्ष्य आर्थिक वर्ष २०७६/०७७ को सुरुको लक्ष्यको तुलनामा चाहिँ करिब ९ प्रतिशतले कम हो । अगामी आर्थिक वर्षको लक्षित राजश्वको शीर्षकगत बाँडफाँट गर्दा कूल राजश्वको २९.९ प्रतिशत मूल्य अभिवृद्धि करबाट २३.५ प्रतिशत आयकरबाट, १७.६ प्रतिशत भन्सार महशुलबाट, १५ प्रतिशत अन्तशुल्कबाट, ४.२ प्रतिशत अन्य करबाट र ९.८ प्रतिशत गैरकर राजश्वका स्रोतबाट सङ्कलन गर्ने लक्ष्य राखिएको छ र अगामी आर्थिक वर्षको कूल लक्षित १० खर्ब ११ अर्ब रुपियाँको राजश्वमध्ये संवैधानिक व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहमा राजश्वको बाँडफाँटको माध्यमबाट रु. १ खर्ब २२ अर्ब हस्तान्तरण हुने र संघीय संसद कोषमा रु. ८ खर्ब ८९ अर्ब दाखिल हुने अनुमान गरिएको छ । सम्माननीय अध्यक्ष महोदय, अब म अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिनु चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै माननीय अर्थ मन्त्रीज्यूले आर्थिक विधेयकको बारेमा केही यस विधेयकका अत्यन्त

प्रतिनिधिमुलक विशेषताहरूको बारेमा चर्चा गर्नु भएको छ। मुलतः माननीय अर्थ मन्त्रीज्यूले जे विषय चर्चा गर्नु भयो त्यही विषयहरू नै यो विधेयकसँग जोडिएका विषयहरू हुन्। त्यसकारणले अब यो ती विषयहरूको सबिस्तार व्याख्या गर्नुभन्दा र यो विधेयकको उद्देश्य र कारणहरूको व्याख्या गर्नुभन्दा पनि यो सैद्धान्तिक छलफलमा एक दुई वटा केही विशिष्ट कुराहरू म सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गर्न चाहन्छु। अहिले माननीय मन्त्रीज्यूले भनेजस्तै कोभिडको कारण हाम्रो मुलुक पूरै दुनियाँ त छदैं छ तर हाम्रो मुलुक पनि एउटा रिसेसनको मन्दीको दौडबाट गुज्रिराखेको छ। र त्यसमा पनि गम्भीर कुरा के छभन्दाखेरि नेपालकै पनि हाम्रा केही मुर्धन्य अर्थशास्त्रीहरूको भनाइ अनुसार हाम्रो रिसेसनको character भनेको v-shap भन्दा पनि l-shape को character छ। अर्थात् recovery को process ले लामो समय लिन्छ। हामी राम्रैसँग economic activities हरूलाई अगाडि बढाएर लग्यौं। private sector हरूलाई पनि एउट राम्रो partner को रूपमा सहभागी बनायौं। र state sector ले राज्य क्षेत्रले कहाँ कहाँ हात हाल्ने, के-के काम गर्ने र private sector हरूलाई के-के जिम्मेवारी दिने यस बारेमा अलिकति हाम्रा scientific दृष्टिकोण, परिपक्व दृष्टिकोण, दुरदर्शी दृष्टिकोण हुन सक्योभन्दा खेरि निश्चत रूपमा हामी recovery को दौडबाट त हामी अगाडि बढ्छौं नै आशावादी हौं हामी सबै तथापि recession को character हाम्रो एउटा contraction एउटा यो सङ्कुचन यसरी नै हुन गएको छ। यसमा private sector लाई बढीभन्दा बढी हामीलाई साथ लिएर जानु पर्ने अवस्था छ। त्यसकारणले मैले र त्यसमा एउटा थप कुरा के हो भन्दाखेरि अहिले कोभिडको कारणले मात्रै होइन। सम्माननीय अध्यक्ष महोदय, यो अहिले दक्षिण एसियामा जुन एउटा सितयुद्ध र सामरिक मुडभेडको अवस्था देखिएको छ। यसले गर्दा पनि अहिले supply chain मा ठुलो नकरात्मक प्रभाव हुन सक्ने अवस्था छ। supply chain टुट्न सक्छ। any time supply chain टुट्न सक्छ। country भित्रको supply chain र international trade को चाहिँ खासगरि नेपाल भारतसँग रहेको trade को supply chain को टुट्न सक्छ। यस्तो बेलामा र हामी जानु पर्ने साँच्चिकै हाम्रो देशलाई बचाउने हो भने हामी जानु पर्ने भनेको आत्मनिर्भर अर्थव्यवस्था, आत्मनिर्भर नेपालको बाटोमा जानको लागि यी कर व्यवस्थाहरूमा कसरी चाहिँ के गरी गर्दाखेरि परिवर्तन गर्ने, कहाँ बढाउने, कहाँ घटाउने यी सारा विषयहरूलाई निजी क्षेत्रसँगको एउटा proper consultation बाट अगाडि बढ्दा निजी क्षेत्रसँग मुडभेड गरेर होइन। म माननीय अर्थ मन्त्रीज्यूलाई विशेष रूपमा ध्यान आकर्षण गर्न चाहन्छु र आग्रह गर्न चाहन्छु। मुलुकको सन्दर्भमा यो निजी क्षेत्रलाई एउटा सही साँच्चिकैको partner बनाएर हामी आफ्नो economic activity लाई अहिले अगाडि बढाएर लैजाऊँ। यो मेरो विशेष ध्यान आकर्षण हो। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय

सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूलाई धन्यवाद । अर्थतन्त्र अगामी दिनमा कसरी जान्छ, भन्ने विषयमा आर्थिक ज्योतिषहरूले प्रक्षेपण गरिरहनु भएको छ । हामी सबै अनुमानमा नै छौँ र प्रक्षेपण भनेका फेरि पनि प्रक्षेपण नै हुन् । यो कति लामो रहन सक्छ भन्ने कुरा हामीले हाम्रो मुलुकको सन्दर्भमा दुई वटा कुरा हेर्नु पर्छ । एउटा कुरा, हामी कोरोनाको सङ्क्रमण जोखिम र कोरोनाको सङ्क्रमण नियन्त्रण गर्ने काममा कति छिटो सफल हुँदै जान्छौँ र दोस्रो कुरा चाहिँ हामीले आर्थिक पुनर्उत्थानका प्याकेजहरूलाई जुन कार्यान्वयन गर्ने गरी बजेटमा प्रस्ताव गरेका छौँ त्यो कति सजिलो कति छिटो सरल ढङ्गले कार्यान्वयन गर्दै जान सक्छौँ त्यो कुरा हुन्छ । भूकम्प पछिको पुनः निर्माणमा पनि यो धेरै विषय चलेको थियो कि अब अर्थतन्त्र थला पर्‍यो, उठ्नै सक्दैन भन्ने विषय उठेको थियो र त्यो बेला चाहिँ हाम्रा आर्थिक संरचनाहरू पनि भत्किएका थिए तर हामीले v-shape कै recovery त गर्‍यौं नि त । भूकम्प पछिको पुनः निर्माणको चरणमा त्यसैले हाम्रो इतिहास र हामीले हाम्रा अनुभव र हाम्रा प्रयासहरूलाई हेर्ने हो भने हामी फेरि पनि v-shape को recovery मा जान सक्छौँ । अहिलेको समस्या भनेको मानव स्वास्थ्यसँग जोडिएको समस्या हो । भौतिक संरचनाहरू हाम्रा केही बिग्रेका, भत्केका छैनन् । अब परिस्थिति सहज भयो भन्ने बित्तिकै हामीले सबै कुरालाई सामान्य अवस्थामा लिएर जान सक्छौँ । र दोस्रो कुरा के पनि हो भने अहिले हाम्रा अर्थतन्त्रका केही सबल पक्षहरू छँदै छन् कायम नै छन् । ती सबल पक्षहरूलाई हामीले परिचालन गरेर जान सक्दाखेरि श्रम बजारमा टुटेको अलिकति कोरोनाको जोखिमको कारणले जुन सम्बन्ध टुटेको छ । त्यसलाई हामीले पुनर्संयोजन गर्नु पर्ने छ र आपूर्ति शृङ्खला त्यो उपभोग्य वस्तुको मात्रै होइन निर्माण सामाग्रीदेखि विकासका सामानको पनि आपूर्ति श्रृङ्खलालाई सहज गर्नु छ र एउटा कुरा चाहिँ यो भनिरहँदा मैले के चाहिँ यहाँ राख्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, भने हाम्रा आयातमा अहिले क्रमिक सुधार हुँदै छ र हामी झण्डै-झण्डै कोभिडको लागि हामीले गरेको लकडाउनभन्दा अघिको अवस्थाको नजिक-नजिक पुग्न थालेका छौँ र त्यसमा विकास निर्माणका सामाग्रीदेखि धेरै चीजहरू आयात भइरहेको छ । त्यसले अगामी दिनमा हाम्रो व्यवसायिक वातावरण सुधँर्दै जान्छ भन्ने सङ्केत पनि गर्छ ।

त्यसो हुनाले निजी क्षेत्रलाई हामीले यसमा अझ बढी विश्वास र प्रोत्साहन दुई वटामा सँगसँगै लिएर जानु पर्ने हुन्छ । आत्मविश्वास जगाउने कुराले मात्र पुग्दैंन । हाम्रा उपकरणहरू खासगरि ब्याज सम्बन्धी उपकरणहरू अथवा ऋण पाउने उपकरणहरू, कर छुट दिने उपकरणहरू, विद्युत लगयातका अरु महशुलहरू छुट दिने कुराहरू अहिले भर्खरै नेपाल विद्युत

प्राधिकरणबाट त्यत्रो ठुलो निर्णय भएको छ । त्यति लामो समयदेखि विवादमा आएको delicated र front line विवाद् अब अतिरित्त महशुल तिर्न नपर्ने गरी समाधान भएको छ । त्यसैगरि केही विद्युतको महशुलहरू घटेका पनि छन् । र यहाँ करको माध्यमबाट छुट दिने कुरा गरिएको छ र पूजिँ चालू पूजिँको लागि बैकिङ्ग प्रणालीबाट कर्जा प्रभाव गर्ने कुराहरूलाई सरल गरिएको छ । र यो बीचमा हामीले बिर्सनु हुँदैन यही संसदले दर्जनौं निजी क्षेत्रको लागि काम चाहिँ अत्यन्त उत्साही बनाउने कानूनहरू पास गरेको छ । र त्यही कानूनको आधारबाट लगानी अहिले बढिराखेको छ र निजी लगानी आइराखेको छ । त्यसो हुनाले सरकारले निजी क्षेत्रलाई सँगसँगै लिएर जाने अझ जहाँसम्म आर्थिक वृद्धिको सवाल छ, लगानीको छ त्यसमा त सरकारभन्दा पनि निजी क्षेत्रकै लगानी ठुलो हो । झण्डै तीन चौथाई लगानी त मुलुकको निजी क्षेत्रबाट नै हुन्छ । त्यो कुनै पनि अर्थ मन्त्रीले त्यसलाई बिर्सन सक्दैन । त्यसरी बिर्सेर जाने कुरा भएन । बाँकी रह्यो आत्मनिर्भर अर्थतन्त्रको कुरा । आत्मनिर्भरताका अथवा स्वाधीनताका आफ्ना कुराहरू हुन्छन् । के-के मा हामी आत्मनिर्मर हुने भनेर हामीले बारम्बार छलफल गरेका छौं । ती आधारभूत कुराहरू मुलुकको खाद्य सुरक्षासँग सम्बन्धित, उर्जा सुरक्षासँग सम्बन्धित, रोजगारीका सुरक्षासँग सम्बन्धित, स्वास्थ्यका सुरक्षासँगका सम्बन्धित विषयहरूमा हामीले आफैमा एउटा सुरक्षित रहने वातावरण बनाउनु पर्छ र एउटा कुरा चाहिँ हामीले के बिर्सनु हुँदैन भने अन्तरसम्बन्धित विश्व हो । केही-केही कुराहरूमा हामीले व्यापार पनि गर्नु पर्छ र केही-केही विषयमा अन्तरसम्बन्ध पनि राख्नु पर्छ । पूजिँ, प्रविधि, बजारका कुराहरूमा त्यो हामीलाई चाहिन्छ । त्यो विषयमा फेरि हाम्रो अन्तरसम्बन्ध नै कायम रहन्छ । यति कुरा भनेर माननीय सदस्यज्यूलाई धन्यवाद दिँदै बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले पेश गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, बजेट कार्यान्वयनको लागि खर्च व्यहोर्ने विभिन्न स्रोतमध्ये आन्तरिक ऋणबाट रु २ खर्ब २५ अर्ब मा नबढ्ने गरी राष्ट्र ऋण उठाउने गरी यो विधेयक पेश भएको छ । यस विधेयकले राष्ट्र ऋण उठाउनको लागि लिएको अधिकारबाट विकास खर्चमा विनियोजित हुने रकमहरू निर्धारित भएको छ । यसले आर्थिक वृद्धिलाई सहयोग पुग्ने र यो भइरहँदाखेरि समष्टिगत आर्थिक स्थायित्वलाई प्रतिकूल असर नपर्ने गरी नै व्यवस्था गरिएको छ । संघीयता कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा वित्तीय स्रोतको हस्तान्तरण र पुनः निर्माणको लागि समेत बजेटको आकारमा वृद्धि भएकोले आर्थिक वर्ष २०७७/०७८ का लागि प्रक्षेपित कूल ग्राहस्थ उत्पादनको ५.५ प्रतिशतको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार सोही सीमाभित्र रहने गरी २ खर्ब २५ अर्ब मा नबढ्ने गरी आन्तरिक ऋण उठाउन यो विधेयक प्रस्तुत गरेको छु । यसरी उठाइने आन्तरिक ऋण प्रदेश र स्थानीय तहमा दिइने सर्शत, समपूरक विशेष अनुदान तथा नेपाल सरकारले गर्ने पूजिँगत खर्च लगायतमा खर्च गर्ने प्रावधान गरिएको छ र यो पहिलो चोटि आन्तरिक ऋणलाई विकास खर्चमा मात्रै लगाउने गरी यो विधेयकमा प्रस्ताव गरिएको छ । यो विनियोजन विधेयकमा प्रस्ताव गरिएको छ र त्यसै अनुसारको आन्तरिक ऋण यहाँ उठाउने यो विधेयकमा व्यवस्था भएको छ । चालू आर्थिक वर्षमा चाहिँ २०७७ वैशाखसम्ममा १ खर्ब ५५ अर्ब आन्तरिक ऋण उठाइएको छ । १ खर्ब ९५ अर्बको चालू आर्थिक वर्षको आन्तरिक ऋणको सीमा थियो । र अहिले चाहिँ नेपालमा पर्याप्त वित्तीय बिस्तारको दायरा पनि बढ्दै गएको र निजी क्षेत्रमा पनि आर्थिक क्रियाकलापहरू क्रमशः सुधार हुँदै जाने कारणले त्यसलाई निजी क्षेत्रको आर्थिक क्रियाकलापलाई प्रतिकूल असर नपर्ने गरी सरकारले बजारबाट आन्तरिक ऋण उठाउने प्रस्ताव गरेको छ । सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिनु चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै माननीय अर्थ मन्त्रीजीले राष्ट्र ऋण उठाउने विधेयक पेश गर्नु भएको छ र यो विधेयकसँग सम्बन्धित केही मुख्य विषयहरूलाई प्रस्तुत गर्नु भएको छ । खासगरेर मैले यो सैद्धान्तिक छलफलको क्रममा दुई वटा विषयमा मात्रै ध्यान आकर्षण गर्न चाहन्छु । पहिलो कुरा त यो विधेयकमा नै २ खर्ब २५ अर्बभन्दा माथि नबढ्ने गरी राष्ट्र ऋण उठाउने भन्ने किसिमबाट विषय प्रस्तुत भएको छ । र अर्को commitment भनेको यो ऋण रकम विकास खर्चमा लगाइनेछ भनेर नेपाल सरकारको प्रतिबद्धता आएको छ । अब पहिलो जहाँसम्म यो रकमलाई विकास खर्चमा मात्र लगाउने भन्ने प्रतिबद्धता छ । यो चाहिँ दृढतासाथ र अनिवार्य रूपमा यो commitment पूरा होस् । कुनै point of time मा गएर फेरि यसलाई चालू खर्चतिर लैजाने unproductive sector मा ऋणलाई चाहिँ invest गर्ने कुरा नहोस् भन्ने मैले गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु, नम्बर १ । नम्बर २ के भन्दाखेरि अब हामीले अहिलेको crisis को घडीमा यो economic crisis को घडीमा राष्ट्र ऋण आखिर उठाउने कहाँबाट उठाउने ? देशभित्रकै जहाँजहाँ ऋण उठ्न सक्ने सम्भावना छ त्यहाँबाट नेपाल सरकारले ऋण उठाउने हो । नेपाल सरकारको लागि ऋणका अन्य स्रोतहरू पनि छन् । जस्तै विदेशी स्रोत छ अहिलेकै बजेटमा हामीले 20.3 percent foreign loan लिने वैदेशिक ऋण लिने भनेर हामीले प्रस्ताव गरेका छौं अहिलेको बजेटमा र अहिले यो आन्तरिक ऋणको percentage total बजेटको १५.३ percent छ । भन्दाखेरि सरकारसँग internal र external दुई वटै स्रोतहरू छन् तर निजी क्षेत्रसँग external स्रोत छैन । निजी क्षेत्रसँग internal स्रोत मात्रै छ ऋणको । यदि नेपाल सरकारले नै आन्तरिक ऋण बढीभन्दा बढी उठाइदियो भने ऋणको सन्दर्भमा domestic market मा domestic debt market मा liquidity को समस्या देखिन्छ । त्यो liquidity को समस्या देखियो भने प्रकारन्तले त्यसले निजी क्षेत्रलाई हानि पुऱ्याउँछ । निजी क्षेत्रको incentive मा, निजी क्षेत्रको लगानीमा त्यसले नकरात्मक असर पार्न सक्छ । त्यसकारण मेरो आग्रह के छ भन्दाखेरि यसलाई यो ऋणलाई आखिर ऋण भनेको ऋण नै हो सरकारले ऋण लिनतिर जाने र

अझ खासगरेर आन्तरिक ऋण लिएर निजी क्षेत्रलाई अलिकति नकरात्मक ढङ्गले एउटा प्रभावित हुने अवस्थाबाट बचाउनको निम्ति आगामी दिनहरूमा कति लिने त ऋण ? एउटा रकम यसमा छ तर यो विषयमा एउटा national consensus हुनु पर्ने जरुरी म देख्दछु । त्यसकारणले मलाई लाग्छ ती खासगरेर निजी क्षेत्रको लागि liquidity crunch को अवस्था यो ऋणको सन्दर्भमा नदेखियोस् भन्ने कुरालाई विचार ... (समय सकिएको हुँदा माइक काटिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्र ऋण उठाउने विधेयक, २०७७ मा भाग लिनु हुने माननीय सदस्यज्यूलाई धन्यवाद । हामीले उठाएको आन्तरिक ऋण विकास खर्चमा मात्रै विनियोजन हुनेछ भन्ने प्रतिबद्धता त संसदबाट हिजो मात्रै पास भएको विनियोजन विधेयकमा उल्लेख भइसकेको छ । त्योसँग सम्बन्धित व्ययको विवरणको पुस्तिका जसलाई हामी रातो किताब भन्छौं । त्यसमा ती सबै उल्लेखित छन् र ती चाहिँ कानूनकै अङ्ग बनेका छन् । त्यसो भएको हुनाले त्यो प्रतिबद्धता मैले दोहो-याइरहनु परेन । संसदले नै कानून बनाई दिइसकेको विषय रह्यो । अब जहाँसम्म आन्तरिक ऋण कति उठाउने भन्ने एउटा मान्यताको कुरा छ । यो मान्यता सामान्य अवस्थामा कूल ग्राहस्थ उत्पादनको ५ प्रतिशत जति उठाए हुन्छ भन्ने हो । त्यसमा पनि खुद् कति उठाइन्छ ? कति हामी उठाउँछौं र कति तिर्छौं पनि त्यो हामीले तिर्ने अङ्कको हिसाबबाट पनि हामीले उठाउने अङ्कको केही अनुमान गर्नु पर्ने हुन्छ । र हामीले उठाउनु पर्ने अङ्क चाहिँ ऋण नै तिर्नको लागि उठाउनु पर्ने भयो भने ऋणको पासोमा परिन्छ । त्यसमा नपर्ने गरी नै अहिलेसम्मको आन्तरिक ऋण व्यवस्थापन हुँदै गएको हो । करिब-करिब ७२, ७३ अर्ब त ऋणको भुक्तानीको लागि पनि व्यवस्था गरिएको छ आन्तरिक ऋणकै पनि । त्यसो हुनाले तिर्दै पनि जाने हो, ऋण लिने हो, विकास खर्चमा प्रयोग गर्ने हो, राजश्व आर्जन गर्ने हो, रोजगारी सिर्जना गर्ने हो, आम्दानी बढाउने हो र ऋण तिर्ने हो । त्यसैगरि नै आन्तरिक ऋणलाई उपयोग गर्दै जाने हो । त्यसो भएर पहिलो चोटि यो चाहिँ विनियोजन गर्दाखेरि नै आन्तरिक ऋणलाई विभिन्न शीर्षकहरूमा विनियोजन गरिएको छ । यसमा छलफल पनि भइसकेको विषय हो ।

अब जहाँसम्म निजी क्षेत्रलाई जाने पूजिँ अभाव हुन्छ कि भन्ने कुरा छ । अहिलेको अवस्थामा कोभिडको जोखिमले अर्थतन्त्रमा ल्याएको शिथिलताको सन्दर्भमा कतिपय अवस्थामा

सरकारले यो विकास निर्माणकै सन्दर्भमा लगानीकै सन्दर्भमा पनि नेतृत्वदायी भूमिका खेल्नु पर्छ । राज्यको भूमिका खासगरि मन्दीको सन्दर्भ आयो भने अलिकति बढी हुन्छ । आर्थिक क्रियाकलापहरू शिथिल हुन लागे भने त्यसलाई उकास्न फेरि राज्यकै भूमिका चाहिन्छ । अध्यक्ष महोदय, माननीय सदस्यज्यूले जसले प्रश्न गर्नु भयो उहाँ र मैले एउटै किताब पढेका छौं त्यसो हुनाले कुरा त्यही नै हो कि यस्तो बेलामा राज्यको भूमिका अलि बढी हुनु पर्छ । त्यही भूमिका राज्यले निर्वाह गर्न खोजेको छ । र त्यो खोज्ने क्रममा खासगरि दुई तीहाइ जति लगानी निजी क्षेत्रले गर्न सक्छ बैकिङ्ग प्रणालीको स्रोतको र एक तीहाइ जति सरकारले गर्छ भनेर वर्षमा ६, ७ खर्बको बचत परिचालन हुन्छ । यो खासगरि यो मुलुकभरिमा हाम्रो आम्दानीको उपभोगलाई कटाएर रहेको रकम त्यसको एक तीहाइ जति सरकारले लिन खोजेको । त्यो लगानीको अनुपातमा हो । दोस्रो कुरा चाहिँ निजी क्षेत्रलाई बाहिरबाट लगानी ल्याउनको लागि प्रोत्साहित गर्न हामीले बाहिरबाट आउने जुन ऋण ल्याउनु हुन्छ हाम्रो बैकिङ्ग प्रणालीको मित्रहरूले त्यो ल्याउने ऋणमा त्यसलाई निक्षेपको रूपमा लिने हो भने त्यसलाई TDS को रूपमा tax deduction and source चाहिँ त्यो घटाइदिएको छ । ताकि बैङ्कहरूले पनि विदेशबाट ऋण परिचालन गरेर पनि लगानी बढाउन सकून् भनेर अरु स्रोतहरू पनि निजी क्षेत्रको लागि खुल्ला गरिदिएको छ । त्यसो हुनाले सरकारले बजारबाट पैसा आफ्नो विकास खर्च पूरा गर्न उठाइरहँदा निजी क्षेत्रलाई पुग्ने गरी र नपुग भएमा विदेशबाट समेत परिचालन गर्ने व्यवस्था गरिएको छ । त्यसले गर्दाखेरि यो सरकारले आन्तरिक ऋण उठाउने कारणले निजी क्षेत्रलाई उपलब्ध हुने स्रोत सङ्कुचित हुँदैन । यसमा माननीय सदस्यज्यूलाई भने ढुक्क हुन सम्माननीय अध्यक्षज्यू मार्फत् म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले पेश गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, बजेट कार्यान्वयनको लागि खर्च व्यहोर्ने विभिन्न स्रोतमध्ये नेपाल सरकारले स्वीकृत गरेको विकास आयोजनाको लागि कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय विदेशी एजेन्सी वा संस्थाबाट लिने ऋणको सीमा १२ खर्ब रुपियाँबाट बढाएर १४ खर्ब रुपियाँ कायम राख्न यो विधेयकमा प्रस्ताव गरिएको छ । २०७६ फागुन मसान्तसम्म नेपाल सरकारको भुक्तानी गर्न बाँकी ऋण ६ खर्ब ९९ अर्ब ७४ करोड रहेको पनि सम्बन्धित सदनलाई म जानकारी गराउन चाहन्छु । नेपाल सरकारले लिएको ऋणबाट कार्यान्वयनमा रहेका आयोजना र कार्यक्रमहरू असार मसान्तसम्ममा हुन सक्ने भुक्तानी र नेपाल सरकारले जमानत दिएको रकमलाई समेत आधार मानी अगामी आर्थिक वर्ष रु. २ खर्ब ९९ अर्ब ५० करोड बाह्य ऋण परिचालन गर्ने लक्ष्य सहित १४ खर्ब रुपियाँ कायम राख्न विधेयकमा प्रस्ताव गरिएको छ । वैदेशिक ऋण लिन प्रस्ताव गरिएको यो रकम आगामी आर्थिक वर्षको प्रक्षेपित कूल ग्राहस्थ उत्पादनको अनुपातमा एक तीहाइभित्र रहने अनुमान छ । यो समेत गरेर सरकारको अहिलेसम्मको बाँकी तिर्नु पर्ने ऋण चाहिँ कूल ग्राहस्थ उत्पादनको एक तीहाइजति हुने अनुमान छ । यसरी लिएको ऋण विकास आयोजना तथा विकास कार्यक्रममा खर्च गरिने भएकोले थप पूजिँ निर्माण हुने उत्पादकत्व बृद्धि हुने र यसबाट थप रोजगारी सिर्जना हुने भएकोले थप लगानीको लागि स्रोत उपलब्ध भई आर्थिक वृद्धिमा सहयोग पुग्ने मैले विश्वास लिएको छु । सम्माननीय अध्यक्ष महोदय, अब म अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा

जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म माननीय अर्थ मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । मलाई पनि धेरै पुराना कुराहरू पढेको त मैले पनि अर्थशास्त्रमा नै हो तर गरेको म राजनीति परेँ । तर जे होस् राम्रै हो यो छलफलमा पुराना पढेका कुराहरू याद आइराखेको छ । माननीय अर्थ मन्त्रीजी अर्थशास्त्रको practitioner हुनु भयो, अर्थशास्त्री हुनु भयो । म अलिअलि राजनीतिक अर्थशास्त्री मात्रै भएँ । त्यसकारणले उहाँलाई धन्यवाद दिन चाहन्छु म । र म खासगरेर यो विधेयकको सन्दर्भमा नेपाल सरकराले विकास कार्यको लागि संघीय सञ्चित कोष वा अन्य संघीय सरकारी कोष धितो राखी आवश्यकता अनुसार ऋण लिन र जमानत दिन यो विषयमा विधेयक अगाडि बढाउनु भएको छ । मलाई लाग्छ यो ऋणको बारेमा ऋणवाला पाटोमा म जान चाहन्नँ, छलफल गरिसकेका छौं । जमानतवाला पाटो चाहिँ नेपाल सरकारले ऋण लिने सन्दर्भमा पनि धितो राख्नु पर्ने हुन्छ । र कहिले कहीँ नेपाल सरकारको ठुलो लगानी भएको सार्वजनिक संस्थानहरूमा ती सार्वजनिक संस्थानहरूले पनि कहीँ अन्तर्राष्ट्रिय रूपमा ऋण लिनको निम्ति या राष्ट्रिय रूपमा ऋण लिनको निम्ति नेपाल सरकार नै जमानत बस्नु पर्ने स्थिति पनि आउन सक्छ । जो कि उदाहरणकै रूपमा नेपाल एयरलाइन्सको उदाहरण हामी अगाडि सार्न सक्छौं । नेपाल सरकारले जमानत बसिसकेपछि मात्रै कर्मचारी सञ्चय कोषले र नागरिक लगानी कोषले १२/१२ अर्ब रुपियाँको ऋण लागानी गर्‍यो र त्यो ऋण लिएर नेपाल एयरलाइन्सको यो wide body जहाज आयो भन्ने सन्दर्भ हाम्रो अगाडि छँदै छ । यो विषयमा मुख्य रूपमा मेरो ध्यान आकर्षण के हो भन्दाखेरि आफै पनि धितो राख्दाखेरि र जमानत धितो राखेर ऋण लिँदाखेरि या अरुको जमानत बस्दाखेरि त्यसको त्यो ऋण refund हुने स्थितिको ग्यारेण्टि नहुन्न जेल ऋणमा डुब्ने स्थिति चाहिँ आफै पनि ऋणमा डुब्ने स्थिति र या जसको लागि ग्यारेण्टर बस्ने गर्छ सरकारले त्यो ग्यारेण्टरको लागि आफ्नो साथीको लागि या जिम्मेवारी बोध, जिम्मेवारी निर्वाह गर्ने सन्दर्भमा सरकार ऋणमा डुब्ने गरी जमानत बस्ने या धितो राख्ने त्यो खालको कुरामा अहिले हामीले नयाँ ढङ्गले अलिकति चिन्तन गर्नु पर्छ । त्यो ट्र्यापमा सरकार पर्नु हुँदैन । यदि त्यस्तो अवस्था हो भने सरकारले कहीले कहीँ एकदम hard top decision लिन सक्नुपर्छ । आफ्नै लागि पनि लिन सक्नुपर्छ र जसको लागि कहिलेकहीँ जमानत बस्नु पर्ने हुन्छ त्यसको लागि पनि लिनु पर्ने हुन्छ । त्यो कुरामा सजगता अलिकति सरकारको चाहिन्छ । आखिर यो काम त भोलि अन्य कुनै पनि

अर्को political forces को सरकार बने पनि काम त यो गर्ने हो तर यो काम सम्पादन गर्ने सन्दर्भमा हामीले केही elements हरूलाई गम्भीरता मध्येनजर राखेनौँ भने सरकार आफै पनि या त foreign debt trap मा या आफ्नै domestic debt trap मा पर्न सक्ने सम्भावना रहन्छ । जो प्रकारान्तर आर्थिक सिन्यारियो लागि राम्रो हुँदैन यो मैले ध्यान आकर्षण गर्नलाई यो सैद्धान्तिक छलफलमा आफ्नो कुराहरू राखेको हुँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौँ संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, "ऋण तथा जमानत विधेयक, २०७७ को सैद्धान्तिक पक्षमा भाग लिनु हुने माननीय सदस्यज्यूहरूलाई धन्यवाद । खासगरि जमानतको सन्दर्भमा माननीय सदस्यज्यूले प्रसङ्ग उठाउनु भएको छ । नेपाल वायुसेवाको सन्दर्भ पनि उठाउनु भएको छ । अध्यक्ष महोदय, उहाँ आफै पनि यसबाट पीडित हुनुहुन्छ । मैले यो विषयमा धेरै कोट्याउन चाहिनँ । सरकारले जमानत बस्दाखेरि सोचविचारी व्यवसायिक सम्भावना भएका क्षेत्रहरू हेरेर मात्रै व्यवसायिक क्षेत्रमा जमानत बस्ने हो । मुलतः यस्ता व्यवसायिक क्षेत्रमा सरकारले सहजीकरण गर्दिने हो ऋण लिनको लागि आफै जमानत बस्नु पर्दैन । संस्था वित्तीय रूपमा सबल हुने गरी हामीले विकास गर्नु पर्छ र सार्वजनिक संस्थाहरू आफैले ऋण परिचालन गर्न सक्ने अवस्था सिर्जना गर्न सक्नु पर्छ । उदाहरणको लागि नेपाल विद्युत प्राधिकरणले अब विदेशी ऋण परिचालन गर्दा आफ्नै corporate ग्यारेण्टिमा उसले ऋण लिन सक्ने व्यवस्था भएको छ । जुन मैले बजेट व्यक्तव्यमा भन्या थिएँ । वित्तीय अवस्था सुदृढ हुँदैजाँदाखेरि ऋण दिनेले आफै पत्याउँदो रहेछ । र वित्तीय अवस्था सुदृढ नभएको संस्थालाई हामीले रेस्क्यु गर्नु पर्ने भयो उकास्नै पर्ने भयो भने सोची विचारी मात्रै सरकारले काम गर्नु पर्छ भन्ने कुरा हाम्रा विगतका अनुभवले सिकाएकै छ ।

एउटा अर्को सन्दर्भ पनि जमानतको सन्दर्भमा भन्नु पर्ने हुन्छ । ऋणहरू सरकारको खातामा लेखाङ्कित हुन्छन् कति ऋण छ भन्ने कुराहरू हुन्छ । तर जमानत बसेका रकमहरू यदि लेखाङ्कित भएनन् भने सरकारको दायित्व जसलाई हामी contingent liability भन्छौँ । भैपरी आउने दायित्वहरू कति हो अनुमान गर्न पनि सकिँदैन । त्यो नहोस् भन्नको लागि सरकाले ऋण लिने हो भने र जमानत बस्ने हो भने त्यो सबैको लेखाङ्कन पनि राम्रो हुनु पर्छ ।

अहिलेसम्म सरकारले नेपाल वायुसेवा बाहेक अरुको ऋणमा जमानत बस्नु नपरेकोले यो ठुलो विषय छैन । तर भोलिका दिनहरूमा लेखाङ्कन विधि पनि त्यतिकै बलियो हुनु पर्छ । र म माननीय सदस्यज्यूलाई सम्माननीय अध्यक्षज्यू मार्फत् के आश्वस्त तुल्याउन चाहन्छु भने यो बीचमा सरकारले जमानत बसेर लिनु पर्ने ऋण दिलाउनु पर्ने स्थिति आउला जस्तो मलाई लाग्दैन । जुन संस्थाहरूलाई हामीले पूजिँ उपलब्ध गराउनु पर्ने छ सरकारले आफैले सार्वभौम निहीतको रूपमा लिएर on lending गर्ने गरेको छ । जसरी हाम्रा केही कार्यक्रमहरूमा वित्तीय संस्थाहरू मार्फत् हामीले लगानी पनि गर्नु पर्ने हुन्छ । सरकारले आफैले पनि लगानी गर्नु पर्ने हुन्छ । तर त्यो चाहिँ दातृ निकायहरूबाट ऋण दाताहरूबाट लिएको पैसा सरकारले आफूले ऋण लिएर अनि on lending गरेको स्थिति छ । धेरै संस्थाहरूमा चाहे त्यो नागरिक उड्डयन प्राधिकरण भनौं, विद्युत प्राधिकरण भनौं या यस्ता संस्थाहरूमा त्यसरी जाने गरेको छ । पुनर्निर्माण प्राधिकरणमा पनि कुरा त्यही नै हो । त्यसो भएको हुनाले अबको हाम्रो स्थिति यद्यपि अहिलेसम्म हामी ऋणको ठुलो चङ्गोलमा छैनौं । त्यो एउटा सहज पाटो छ तर त्यसलाई हामीले अत्यन्त सर्तकताका साथ त्यो अवसरको लाभ लिनको लागि उपयुक्त माध्यमबाट, उपयुक्त बजेट विनियोजनको बाटोबाट मात्र खर्च गर्ने र त्यो ऋण तिर्न सक्ने क्षमता विकास गर्ने गरी जाने हो । त्यसो हुनाले माननीय सदस्यज्यूले जे प्रश्न उठाउनु भएको छ त्यो ठिक छ । त्यसलाई हामीले त्यही भावनामा नै अघि बढ्ने हो । यति भनेर मेरो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले पेश गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “ऋण तथा जमानत (चौबीसौँ संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म “आर्थिक विधेयक, २०७७”, “राष्ट्र ऋण उठाउने विधेयक, २०७७” र “ऋण तथा जमानत (चौबीसौँ संशोधन) विधेयक, २०७७” माथि सुझाव पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम, १३२ को उपनियम (४) बमोजिम विधेयक शाखा, राष्ट्रिय सभामा सुझाव सहितको सूचना दिन सक्नु हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार ८ गते सोमबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार ८ गते सोमबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः- बिहान ११:५५ बजे ।**